नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं.: २०८१।०८२
च.नं.:

## दुग्ध उत्पादक सहकारी संस्थाको लागी
## उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान कार्यक्रमको लागी प्रस्ताव आह्वानको सूचना

प्रकाशित मितिः २०८१/१२/१२

नीलकण्ठ नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को बजेटमा प्रदेश सरकारबाट बित्तिय हस्तान्तरण भई आएको उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान कार्यक्रमको लागी नीलकण्ठ नगरपालिकाको उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान निर्देशिका, २०८१ को अधिनमा रही न्युनतम् मापदण्ड पुरा गरेका यस कार्यक्रममा सहभागी हुन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र)दिनसम्ममा कार्यालय समय भित्र आइपुग्ने गरी तपसिल बमोजिमका कागजात संलग्न राखी यस कार्यालयमा अनुसूची-२ बमोजिमको संलग्न ढाँचामा आवेदन दर्ताका लागी प्रस्ताव आह्वानको सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागी अनुरोध छ ।साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्र.सं. | कार्यक्रमको नाम | अनुदान रकम रु. | प्रस्ताव पेश गर्ने सक्ने सम्भावित साझेदारहरु | कैफियत |
|---|---|---|---|---|
| १ | उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान कार्यक्रम | ११,४६,०००/- | दुध संकलन, प्रसोधन, वितरण गर्ने सहकारी/ बहुउद्देश्यीय सहकारी/ सानाकिसान सहकारी तथा कृषि सहकारी संस्था | |

**प्रस्ताव साथ पेश गर्नुपर्ने सम्मिलित कागजातहरुः**

१.अनूसुची २ बमोजिमको ढाँचाको ~~स्केको~~ निवेदन ।
२.सहकारी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. गत आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४.अन्तिम बार्षिक साधारण सभा भएको निर्णयको प्रतिलिपि ।
५.प्रस्ताव पेश गर्ने भनी सञ्चालक समितिले गरेको निर्णय प्रतिलिपि ।
६.बार्षिक दुध बिक्रीको परिमाण खुल्ने कृषकहरुको प्रमाणित नामावली ।
७.सम्बन्धित जिल्ला दुध उत्पादक सहकारी संघ (गठन भएको हकमा )बाट बार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफारिस पत्र वा आवद्वता पत्र ।
८.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
९.सम्बन्धित पशु सेवा कार्यालयले दिएको बार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफारिस पत्र (उपलब्ध भएमा) ।

नि. प्रमुख प्रशासकीय अधिकृत